## रौतहट जिल्लाको बंकुलमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक गाई/भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३३ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ माघ ०४ गते देखि ०६ गतेसम्म रौतहट .जिल्लाको बंकुलमा **"व्यवसायिक गाई/भैसीपालन तालिम"** सम्पन्न गरेको संस्थाका बसन्तपट्टी शाखा कार्यालयका शाखा प्रमुख श्री मकबुल खानले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री बिकास कुमार साह, श्री डा.हेमचन्द्र जैसवार र श्री ओमप्रकास साह रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री अजिमुल्ला दर्जीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको बसन्तपट्टी शाखा कार्यालयका प्रमुख श्री मकबुल खानले प्रकाश पारेका थिए ।

तालिममा नेपालमा भैसीपालनको महत्व र नेपालमा पालिने उन्नत नश्लका भैसीको जात वारे संक्षिप्त जानकारी, गोठ निर्माण तथा भकारो व्यवस्थापन, भैसीको अहारा व्यवस्थापन (Dry and lean period) तथा आवश्यक पर्ने भिटामिन खनिज तत्वहरु, खोपको महत्व तथा खोपहरु दिने समय तालिका, गाई,भैसीमा लाग्ने प्रमुख रोगहरु वारे संक्षिप्त जानकारी तथा रोकथामका उपायहरु तथा गाईभैसीमा लाग्ने प्रमुख परिजिविहरु वारे संक्षिप्त जानकारी तथा रोकथामका उपायहरुको बारेमा डा. हेमचन्द्र जैसवारले तालिम दिएका थिए । भैसीमा गरिने कृत्रिम गर्भधारण वारे जानकारी तथा -Repeated breeding) सम्वन्धि जानकारी तथा पशुहरुलाई चाहिने उन्नत जातका घांस वालीहरुको वारेमा प्रशिक्षक श्री ओम प्रकाश साहले तालिम दिएका थिए । पशुहरुको बजार ब्यवस्थापन, पशुहरुको अभिलेख राख्ने कार्य र पशु बिमाको बारेमा प्रशिक्षक श्री बिकास कुमार साहले तालिम दिनुको साथै  कर्जा सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने बसन्तपट्टी शाखाका शाखा प्रमुख श्री मकबुल खानले बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।संस्थाले २०७५ पौष मसान्त सम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । गाई,भैंसी पालन गरी रहेका र गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका बसन्तपट्टी शाखाका शाखा प्रमुख श्री मकबुल खानले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा  सहभागी श्री सन्जु यादव सहभागी र श्री सुरेश महतोले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा पशु पालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । गाई,भैसी पालन गरी रहेका र गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री अजिमुल्ला दर्जीले जानकारी गराएका थिए । तालिमको संचालन बसन्तपट्टी शाखाका प्रमुख मकबुल खानले गरेका थिए ।